आज मिति २०७८ साल वैशाख १९ गते आईतवारको दिन विहान १०:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले वादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| १. | श्री प्रचण्ड कुमार कार्की | स्वास्थ्य संयोजक | | |
| २. | श्री भगवति कुमारी बोहरा | स्वास्थ्य उप संयोजक | | |
| ३. | श्री यज्ञ बहादुर खत्री | अधिकृतस्तर छैठौं | | |
| ४. | श्री पवित्रा उपाध्याय | विपद व्यवस्थापन उपशाखा | | |
| ५. | श्री भेषजंग शाह | अधिकृतस्तर छैठौं | | |
| ६. | भागलाल ढकाल | लेखापाल | | |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७२

मिति : २०७८।१।१९ को नगर कार्यपालिका वैठकका प्रस्तावहरु

१. स्वास्थ्य संस्थाहरुको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।

२. मर्मतको रकम भुक्तानी गर्ने सम्वन्धमा ।

३. वेरुजुको रकम दाखिला गर्ने सम्वन्धमा ।

४. नेपाल स्वास्थ्य सेवा, सहायक चौथो अ.हे.व.लाई हाजिरी गराउने सम्वन्धमा ।

५. अ.न.मी. को करार सेवामा निरन्तरता दिने सम्वन्धमा ।

६. नलगाड नगरपालिकाको लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७८ को पारित गर्ने सम्वन्धमा ।

७. नलगाड नगरपालिकाको हाटबजार सञ्चालन सम्वन्धी निर्देशिका २०७८ पारित सम्वन्धमा ।

८. नलगाड नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ पारित गर्ने सम्वन्धमा ।

९. नयाँ भेरियन्ट सहितको कोभिड-१९ को व्यवस्थापन सम्वन्धमा ।

१०. वडा स्तरीय भुमिसम्वन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्वन्धमा ।

११. कोभिड-१९ मा खटिएका स्वास्थ्यकर्मीको प्रोत्साहन भत्ता सम्वन्धमा ।

१२. विद्यालयको पठनपाठन बन्द गर्ने सम्वन्धमा ।

१३. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाई खटिएका कर्मचारीको प्रोत्साहन भत्ता सम्वन्धमा ।

१४. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाई कार्यालय सञ्चालनको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।

१५. बोलपत्रबाट वचत रकम उपभोक्ता समितिबाट कार्य गर्ने सम्वन्धमा ।

१६. कोरोना कोषबाट विमा वापतको रकम उपलब्ध गराउने सम्वन्धमा ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७२

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल (नगर प्रमुख)

## नगर कार्यपालिकाको निर्णयहरु (मिति २०७८।१।१९)

**निर्णय नं. १:** नयाँ भेरियन्ट सहितको कोभिड-१९ को उच्च जोखिम नलगाड नगरपालिकामा समेत रहेकोले त्यसको व्यवस्थापन गर्न तथा पोषण कार्यक्रमको विषयमा छलफल गर्दा केही स्वास्थ्य सूचकहरुमा समेत कमजोर देखिएकोले त्यसको सुधार समेतको लागि नगर सभाबाट आ.व. २०७७।७८ मा कार्यान्वयनका लागि विनियोजित पुंजीगत खर्चको स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम सम्पन्न हुन नसक्ने देखिएकोले उक्त रकमबाट कार्यालय व्यवस्थापन शीर्षकमा तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरुमा तपसिल बमोजिमको रकम मिति २०७८।०१।१० गते नगर उपप्रमुख अध्यक्षताको वैठकबाट विनियोजन गरिएकोमा उक्त रकम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | स्थान | विनियोजित बजेट | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी डाँडागाँउ, जाजरकोट | वडा नं. २ | १,५०,०००।० | कार्यालय व्यवस्थापन |
| २. | स्वास्थ्य चौकी कैना, जाजरकोट | वडा नं. ३ | ८५,०००।० | कार्यालय व्यवस्थापन |
| ३. | स्वास्थ्य चौकी लहँ, जाजरकोट | वडा नं. ४ | ९०,०००।० | कार्यालय व्यवस्थापन |
| ४. | प्राथमिक अस्पताल दल्ली, जाजरकोट | वडा नं. ७ | ५०,०००।० | कार्यालय व्यवस्थापन |
| ५. | स्वास्थ्य चौकी रग्दा, जाजरकोट | वडा नं. ११ | ९०,०००।० | कार्यालय व्यवस्थापन |
| ६. | स्वास्थ्य चौकी भगवती जाजरकोट | वडा नं. १२ | ८५,०००।० | कार्यालय व्यवस्थापन |
| | **जम्मा विनियोजित बजेट रु.** | | **५,५०,०००।०** | |

**निर्णय नं. २:** नलगाड नगरपालिकाको लोडर मर्मतको लागि खर्च भएको रु. २,९८,९९२।० अक्षरुपी दुईलाख अन्ठानव्वे हजार नौसय बयानव्वे मात्र पुंजीगत खर्चको नगर प्रमुख रोजगार कार्यक्रमबाट आरभ अटो मोवाईल वीरेन्द्रनगर सुर्खेतलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** महालेखापरीक्षकको कार्यालय बवरमहल काठमाण्डौंको चलानी नं. ९ मिति २०७७।१२।२२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन अनुसार दफा ३८ मा उल्लेख भए बमोजिम रु. ५,०६,०००।० अक्षरुपी पाँच लाख छहजार रकम पेश्की फिर्ता वापतको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा हालसम्म पनि फिर्ता गरेको नदेखिएकोले शसर्त अनुदान वापतको उक्त रकम सम्वन्धित खातामा फिर्ता गर्न नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

(नगर प्रमुख)

<u>**निर्णय नं. ४:**</u> नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रसंख्या २०७७।७८ च.नं. १६/स.मि./१५१६(२१५४) मिति २०७७।१२।१३ को निर्णयानुसार समायोजन मिलान भई यस नलगाड नगरपालिकामा हाजिरी हुन आउनु भएका नेपाल स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समुह, सहायक चौथो पदका अ.हे.व. श्री मोहन खड्का (कर्मचारी संकेत नं. २३०२०१) लाई मिति २०७८।०१।०५ गते देखि लागु हुनेगरी मिल्दो पदमा हाजिरी गराई जिम्मेवारी दिने र तलवभत्ता नेपाल सरकारको सशर्त अनुदानबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

<u>**निर्णय नं. ५:**</u> नलगाड नगरपालिका वडा नं. ४ को लहँ स्वास्थ्य चौकी व्यवस्थापन समितिको मिति २०७८।१।१५ को सिफारिस तथा सोही स्वास्थ्य संस्थाको चलानी नं. ९१ मिति २०७८।०१।१५ को पत्रानुसार उक्त संस्थामा कार्यरत अ.न.मी. प्रेमी पुनको करार सेवा अवधि समाप्त भई पुनः करार सेवा निरन्तरता दिने निर्णय गरेकोले सोही सिफारिस बमोजिम अर्को व्यवस्था नभएसम्मको लागि करार सेवामा कामकाज गर्ने गरी मिति २०७८।१।२० देखि मिति २०७८ आषाढ समान्तसम्म करार सेवामा म्याद थप सहित नियुक्त गर्ने र निजको तलवभत्ता सङ्घीय सरकारको शसर्त अनुदानबाट भुक्तानी दिन नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

<u>**निर्णय नं. ६:**</u> नलगाड नगरपालिकाको कार्य प्रक्रियामा व्यवस्थित, प्रभावकारी बनाई समग्र नगरपालिकामा सुशासन प्रर्वद्धन गर्नको लागि **नलगाड नगरपालिकाको लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७८** को दफाबार छलफल गरी पारित गर्ने ~~सर्वसम्मत~~ सर्वसम्मत निर्णय गरियो ।

<u>**निर्णय नं. ७:**</u> नलगाड नगरपालिकाको समग्र कृषि तथा पशु सम्वन्धी बजारीकरण गर्न, कृषि सम्वन्धी कार्यहरुमा सहजीकरण गर्न **नलगाड नगरपालिकाको हाटबजार सञ्चालन सम्वन्धी निर्देशिका, २०७८** को दफाबार छलफल गरी पारित गर्ने ~~सर्वसम्मत~~ सर्वसम्मत निर्णय गरियो ।

<u>**निर्णय नं. ८:**</u> नलगाड नगरपालिकाको कार्यसञ्चालनलाई व्यवस्थित, प्रभावकारी बनाई समग्र नगरपालिकामा सुशासन प्रर्वद्धन कायम गर्नको लागि **नलगाड नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८** को दफाबार छलफल गरी पारित गर्ने ~~सर्वसम्मत~~ सर्वसम्मत निर्णय गरियो ।

<u>**निर्णय नं. ९:**</u> विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत उच्च संक्रमण देखिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि तपसिल बमोजिमको कार्यहरु गर्ने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

(क) कोभिड-१९ (कोरोना भाइरस) संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नको लागि नलगाड नगरपालिका र अन्तरगतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, विषयगत शाखाहरु, सुरक्षा निकाय, विद्यालयहरुले आ-आफ्नो क्षेत्रबाट जनस्वास्थ्यका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने गरी प्रचारप्रसार रुपमा गर्ने ।

(ख) कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणको लागि आवश्यक पर्ने अत्यावश्यक औषधी, मास्क, स्यानिटाईजर लगायतका औजार उपकरणहरु खरिद गरी व्यवस्थापन गर्ने ।

(ग) नलगाड न.पा. वडा नं. ७ मा रहेको श्री त्रिभुवन प्रा.वि. दल्लीमा १० वेडको आईसोलेसन स्थापना गर्ने उक्त स्थानमा रहने विरामीहरुको खान बस्नको व्यवस्था गर्ने । कोभिड-१९ को संक्रमण भई घरमा बस्न ईच्छुक विरामीहरु र कोभिड-१९ संक्रमण भई सामान्य लक्षण देखिएका विरामीहरुको लागि आफ्नै घरमा होम आईसोलेसनमा बस्न स्वास्थ्य संस्थाहरुबाट सिफारिस गर्ने ।

(घ) कोरोना संक्रमणको कारण जटिल स्वास्थ्य अवस्था देखिएका विरामीहरुलाई नजिकको पायक पर्ने आईसोलेसनमा पठाउन आवश्यक व्यवस्था मिलाउने ।

(ङ) जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको आपसी समन्वय र सहकार्यमा कोभिड -१९ का विरामीहरुलाई आईसोलेसनमा राख्ने व्यवस्था गर्ने ।

(च) विरामीहरुको उद्धार तथा सहजीकरणको लागि नगरपालिकामा नगरस्तरीय तिव्र प्रतिकार्य टोलि (RRT) र कोरोना नियन्त्रण तथा व्यवस्थापन समिति परिचालन गर्ने ।

(छ) वडा स्तरमा विरामीहरुको उद्धार तथा सहजीकरणको लागि वडास्तरिय तिव्र प्रतिकार्य टोलि (RRT) परिचालन गर्ने ।

<u>निर्णय नं. १०</u>: भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (२) अनुसार स्थलगत रुपमा तथ्यांक संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्‍याउन देहाय वमोजिम वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति प्रत्येक वडामा गठन गर्ने निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल (नगर प्रमुख)

तपसिल

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा सदस्यहरु -सदस्य

(ग) सम्वन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुखले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तीम एक महिला सहित दुई जना प्रतिनिधि -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

**निर्णय नं. ११:** नयाँ भेरियन्ट सहितको कोभिड-१९ को नियन्त्रण तथा रोकथाममा खटिने स्वास्थ्यकर्मीको मनोवल उच्च राखी सेवा प्रवाहमा सहजता ल्याउन आईसोलेसनमा खटिने कर्मचारी, स्वास्थ्यकर्मीलाई शुरु तलव स्केलको १०० प्रतिशत र हेल्प डेक्समा खटिने स्वास्थ्यकर्मीलाई शुरु तलव स्केलको ५० प्रतिशत जोखिम भत्ता उपलव्ध गराउने र कोभिड-१९ को नियन्त्रण तथा रोकथामा खटिने सुरक्षाकर्मीलाई प्रतिदिन प्रतिव्यक्ति २५० को दरले खाजा खर्च वापतको रकम कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** विश्वव्यापी रुपमा फैलिएको र नेपाल समेत उच्च जोखिम भई निरन्तर रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमणको उच्च जोखिमबाट नलगाड नगरपालिका समेत देखिएकोले नेपाल सरकार, केन्द्रिय संकट व्यवस्थापन केन्द्र, जिल्ला संकट व्यवस्थापन केन्द्रहरुको निर्णय छिमेकी जिल्ला, छिमेकी स्थानीय तहहरुको कोभिड-१९ को प्रभावको अवस्था लगायतको आधारमा यस नलगाड नगरपालिकामा पनि कोभिड-१९ को संक्रमण फैलिन सक्ने उच्च जोखिमलाई मध्यनजर गर्दै अर्को व्यवस्था नभएसम्मको लागि विद्यालयको दैनिक प्रशासनिक कार्यहरु सञ्चालन गरी पठनपाठन वन्द गर्ने निर्णय सहित मिति २०७८।०१।१५ गतेको कोरोना नियन्त्रण तथा व्यवस्थापन समितिबाट सिफारिस भई आएकोमा उक्त समितिको सिफारिस अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३:** यस नलगाड नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाईमा खटिने कर्मचारी र वडा कार्यालयहरुमा खटिने कर्मचारीहरुको मनोवल उच्च राखी सेवा प्रवाहमा सहजता ल्याउन शुरु तलव स्केलको २५ प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय दल्ली, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल (नगर प्रमुख)

निर्णय नं. १४: नलगाड नगरपालिकाको आ.व. २०७७/७८ मा नगर सभाबाट विनियोजित विभिन्न चालु र पुंजीगत बजेटबाट श्रोतान्तर तथा रकमान्तर गरी भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाई अन्तर्गत हुने कार्यहरुमा तपसिल बमोजिम बजेट खर्चको अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | बजेट संकेत नं. | खर्च शीर्षक | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | २११३९ | अन्य तथा वैठक भत्ता | ८,००,००० | |
| २. | २२६१२ | भ्रमण खर्च | ४०,००० | |
| ३. | २२३११ | कार्यालय व्यवस्थापन खर्च | ५०,००० | |
| ४. | २२२१२ | ईन्धन, मर्मत तथा सञ्चार खर्च | २५,००० | |
| ५. | २२५२२ | कार्यक्रम खर्च | ६०,००० | |
| ६. | २२७११ | विविध खर्च | २५,००० | |
| **जम्मा विनियोजित बजेट रु.** | | | **१०,००,०००** | |

निर्णय नं. १५: हाल नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमणको उच्च जोखिम नलगाड नगरपालिकामा समेत देखिएको र बोलपत्रको माध्यामबाट निर्माण कार्य गर्दा समय छोटो हुने भएकोले बोलपत्र गरी बचत भएको तपसिल बमोजिमका योजनाहरु उपभोक्ता समिति गठन गरी निर्माण कार्य सम्पन्न गर्ने र नलगाड बहुमुखी क्याम्पस भवन निर्माण योजनाको ठेक्काबाट बचत रकमबाट उक्त भवनको वायरिंगको लागि कोटेसनबाट कार्य गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. कट्के सामुदायिक स्वास्थ्य भवन निर्माण योजना, नलगाड न.पा. वडा नं. ३ जाजरकोट
२. नलगाड बहुमुखी क्याम्पस भवन निर्माण योजना, नलगाड न.पा. वडा नं. ७ जाजरकोट ,
३. परिवगर देखि सिउन सडक निर्माण योजना, नलगाड न.पा. वडा नं. १३ जाजरकोट ।

निर्णय नं. १६ : नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा खटिने जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल उच्च राख्न प्रत्येक जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्यकर्मीको रु. ५,००,०००।० अक्षरुपी पाँचलाखको मात्र जीवन विमा वापतको रकम मृत्यु पश्चात कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )